निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
कलैया, बारा

पत्र सख्या : ०७९।०८०
च नं : ४६

मितिः २०७९।०५।२३

श्री जिल्ला समन्वय समितिको कार्यालय, बारा ।
श्री बारा जिल्ला स्थितका सबै स्थानीय तहको कार्यालय ।

विषयः सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा निर्वाचन आयोग, नेपाल (कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा) को प.सं.च.नं.१२६/०७९।८० मिति २०७९/०५/२२ को पत्रानुसार स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तिस) दिन भित्र बुझाउनु पर्ने, व्यवस्था र स्थानीय तह निर्वाचन नियमावली २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषण भएको ३० (तीस) दिन भित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही नहुनपर्ने हो ? सोही ऐनको सोहीको उपदफा (४) बमोजिम गोरखापत्रमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र उम्मेदवारहरले सफाई सहितको स्पष्टीकरण जिल्ला निर्वाचन कार्यालय, बारामा आफै उपस्थित भई पेश गर्नुहुन अनुरोध छ । साथै यस कार्यालयबाट यसै पत्र साथ संलग्न राखि नाम नामेशी सहितको विद्युतीय प्रति सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय तथा सम्बन्धित स्थानीयको कार्यालयको Website, Facebook Page र सूचना पार्टीमा सबैले देख्ने गरी नाम नामेशीको विवरण प्रकाशन गरी सोको रितपूर्वक मुचुल्का खडा गरी यस जिल्ला निर्वाचन कार्यालय, बारामा यथाशिघ्र पठाईदिनु हुन समेत अनुरोध छ ।

नोटः राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना यसै पत्र साथ संलग्न छ ।

०५।२३
सरोज कुमार चौधरी
(जिल्ला निर्वाचन अधिकारी)

सरोज कुमार चौधरी
जिल्ला निर्वाचन अधिकारी

घुसुकपुर, कलैया-५, बारा फोन नं. ०५३- ५५०४७५ । मो. नं. ९८५५०४५८१०
E-Mail: deo.bara.@election.gov.np
"निर्वाचनमाः सबै, सधै, सँगै ।"